“कृषि, पर्यटन, पूर्वाधार र रोजगारीः समृद्ध चिङ्गाड हाम्रो रोजगारी”

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

प.सं. २०८३/०८४
च.नं.

**डोजर (ब्याक हो लोडर) भाडामा लिने सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना मिति २०८३।०४।२० गत्ते**

यस चिङ्गाड गाउँपालिका भित्र बर्षातको समयमा भारी बर्षा भइ गाउँपालिका भित्रका सडकहरु पहिरो गई सडक अवरोध हुनेभएकाले अबरोध भएका सडकहरुमा थुप्रिएको माटो तथा ढुङ्गाहरू सफा गर्न यस गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत विनियोजित बजेटबाट गाउँपालिका भित्रका वडा न १ देखि ६ सम्मका विभिन्न सडकहरू मर्मत तथा सरसफाइ गर्नका लागि डोजर (ब्याक हो लोडर) भाडामा लिनुपर्ने भएकाले इच्छुक ब्यवसायिक फर्म, निर्माण कम्पनी वा डोजर धनीहरूले तपसिल अनूसारका शर्तहरूको अधीनमा रही रितपूर्वक आवश्यक कागजात सहित सिलबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८३/०४/२६ गते कार्यालय समयभित्र सम्बन्धित निर्माण व्यवसायीले वा कम्पनीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यस कार्यालयबाट फिर्ता नहुने गरी यस कार्यालयको सानीमा बैंक चिङ्गाड शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०६९०१००४००००००५ मा रु. १०००/- (एक हजार मात्र) राजस्व दाखिला वा गाउँपालिकाको राजस्व शाखामा बुझाई दररेट फाराम खरिद गर्न सकिनेछ।

२. इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त सिलबन्दी दररेट फाराम मिति २०८३/०४/२६ गते दिउँसो १२:०० बजे भित्र गाउँपालिकाको कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। उक्त सिलबन्दी दररेट फाराम सोही दिनको दिउँसो २:०० बजे चिङ्गाड गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

३. सिलबन्दी दररेट उल्लेख गर्दा प्रतिघण्टा कर सहित उल्लेख गर्नुपर्नेछ। दररेट आ.व. २०८३/०८४ का लागि सुर्खेत जिल्लाको दररेटमा नबढ्ने गरी पेश गर्नुपर्नेछ।

४. डोजरको ग्रिज, इन्धन, मोविल, मर्मत खर्च, चालक र सहयोगीको खाना/खाजा र आवास खर्च स्वयं ब्याक हो लोडर धनीले व्यहोर्नुपर्नेछ। दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ। अंक प्रष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ।

५. ब्याक हो लोडर भाडामा उपलब्ध गराउँदा मेसिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ। चालु अवस्थामा रहेको ब्याक हो लोडर हुनुपर्नेछ।

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

प.सं. २०८३/०८४
च.नं.

६. सिलबन्दी दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

७. कार्यालयले भाडामा लिएको ब्याक हो लोडर भाडा प्रतिघण्टा प्राविधिक इस्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदन सहित प्राप्त भए पश्चात सो को आधारमा भुक्तानी हुनेछ र कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ ।

८. ब्याक हो लोडरको भाडाको समयावधि बढीमा भाद्र मसान्त सम्मका लागि हुनेछ।

८. माथि उल्लेखित शर्तहरुबाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन ।

दरभाउ पत्रका साथ पेश गर्नुपर्ने कागजातहरु

- फर्म दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
- चालकको नागरिकताको प्रमाणपत्र सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।
- ब्याक हो लोडर नविकरण भएको ब्लुबुक र तेस्रो पक्ष विमाको प्रमाणित प्रतिलिपी ।
- रु १०००।- (एक हजार मात्र) तिरेको राजस्वको वा बैंक भौचरको सक्कल प्रति ।

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत